# भिमसेनथापा गाउँपालिका
## BHIMSENTHAPA RURAL MUNICIPALITY
### गाउँ कार्यपालिकाको कार्यालय
### Office of the Rural Municipality Executive
खान्चोक, गोरखा
khanchok, gorkha

पत्र संख्या (Reference No.)-: ०७६/०७७
च.नं. (Dispatch No.)-: 9480

गण्डकी प्रदेश (Gandaki Province)
मिति (Date): २०७७/०३/२२

श्री वडा कार्यालय (सवै)
भिमसेनथापा गाउँपालिका ।

विषयः जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय पुननिर्माण प्राधिकरण,केन्द्रिय आयोजना कार्यान्वयन इकाईको मिति २०७७/०३/११, च.न ९८५, को निर्णय कार्यान्यवन सम्बन्धमा पाप्त पत्रको छायाँप्रति पाना ७ थान यसै साथ संग्लन गरि पठाइएको छ । पत्रमा उल्लेखित व्यहोरा अवगत गरी आवश्यक कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ ।

२०७७/०३/२२

कृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# केन्द्रीय आयोजना कार्यान्वयन इकाई

# (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

ज्वागल, ललितपुर

मिति: २०७७/३/०९

प.सं.: २०७६/०७७

च.नं.: ९८५

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), सिन्धुपाल्चोक, गोरखा, काठमाडौं, ललितपुर, भक्तपुर, रसुवा, नुवाकोट, दोलखा, काभ्रेपलाञ्चोक, ओखलढुङ्गा, सिन्धुली, रामेछाप, धादिङ, मकवानपुर, धनकुटा, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्वु, चितवन, कास्की, नवलपरासी, लम्जुङ्ग, तनहुँ, अर्घाखाँची, गुल्मी, पाल्पा, स्याङ्जा, पर्वत, बागलुङ्ग, र म्याग्दी ।

**विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सूचना व्यवस्थापन शाखाको प.सं. ०७६।०७७, च.नं. ७३, मिति २०७७।३।०९ को पत्रानुसार श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको अध्यक्षतामा मिति २०७६।१२।०५ मा बसेको बैठकले गरेका निर्णयहरु कोभिड १९ को रोकथामका लागि नेपाल सरकारले २०७६ चैत्र ११ देखि लकडाउन घोषणा गरेका कारण कार्यान्वयन गर्न नसकिएको सन्दर्भमा परिमार्जन सहित नयाँ तालिका मिति २०७७।३।०२ मा स्वीकृत भएकाले बैठकका निर्णयहरु जानकारी तथा कार्यान्वयनका लागि प्राप्त हुन आएको हुँदा उक्त परिमार्जन भएको नयाँ तालिका बमोजिम जानकारी तथा कार्यान्वयनका लागि तहाँ पठाईएको व्यहोरा अनुरोध छ ।

पुनश्च : राष्ट्रिय पुर्नानिर्माण प्राधिकरण, सूचना व्यवस्थापन शाखाको प.सं. ०७६।०७७, च.नं. ७३, मिति २०७७।३।०९ को पत्र र सोमा संलग्न निर्णय, तालिका एवं अनुसूची १, २ को छायाँप्रति (पाना-६) यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

०७७/०३/०९

..................................
(नारायण प्रसाद श्रेष्ठ)
सि.डि.ई.

**बोधार्थ :**
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
सिंहदरबार, काठमाडौं ।

केन्द्रीय आयोजना कार्यान्वयन इकाई
अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार
दर्ता नं.:- २८९३
मिति:- २०७७।३।९

नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(सूचना व्यवस्थापन शाखा)

सिंहदरवार, काठमाडौं
फोन: ४२११४६७

प.स.: २०७६/०७७
च.नं.: ६३

मिति:-२०७७/०३/०९

**बिषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री महाशाखा प्रमुख (सबै), राष्ट्रिय पुनर्निर्माण प्राधिकरण ।
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),
ज्वागल,ललितपुर ।
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन),
बबरमहल, काठमाडौं ।

उपर्युक्त सम्बन्धमा श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको अध्यक्षतामा मिति २०७६/१२/०५ मा बसेको बैठकले गरेका निर्णयहरु कोभिड १९ को रोकथामका लागि नेपाल सरकारले २०७६ चैत्र ११ देखि लकडाउन घोषणा गरेका कारण कार्यान्वयन गर्न नसकिएको सन्दर्भमा परिमार्जन सहित नयाँ तालिका २०७७/०३/०२ मा स्विकृत भएकाले बैठकका निर्णयहरु जानकारी तथा कार्यान्यनका लागि आदेशानुसार पुनः पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

०३।०९

मनोहर घिमिरे
(उप सचिव)

**अवगतार्थ तथा बोधार्थः**

१.श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं।
२.श्रीमान् सचिवज्यूको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं।
३.श्री पुनरावेदन समिति सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं।
४.श्री महाशाखा प्रमुख, नीति, अनुगमन, मूल्यांकन तथा समन्वय शाखा , राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं।
५.श्री गुनासो व्यवस्थापन तथा समन्वय शाखा, , राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं, २०७२

२०७६ चैत्र ०५ गते श्रीमान् प्रमुख कार्यकारी अधिकृतको अध्यक्षतामा बसेको बैठकले गरेका निर्णयहरु कार्यान्यन गर्ने समयमा नेपाल सरकारले कोभिड १९ रोकथामका लागि लकडाउन जारी गरेकाले कार्यान्वयनमा लैजान नसकिएको अवस्थामा नेपाल सरकारको २०७७/०२/२८ निर्णय अनुसार २०७७ असार १ बाट सार्वजनिक सेवा प्रवाह शुरु गरेकाले निम्नानुसार परिमार्जन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. छुट तथा पुनः जाँच सर्वेक्षण २०७४ र छुट तथा पुनः जाँच सर्वेक्षण २०७४ र ०७६ अन्तर्गत सर्वेक्षण भएका मध्ये पहिलेको सर्वेक्षणमा अन्यत्र घर भएको भनि उल्लेख गरेका कारण हालसम्म निर्णय गर्न बाँकी गुनासोकर्ताहरुको वारेमा निम्नानुसार गर्ने:

१.१. छुट तथा पुनः जाँच सर्वेक्षण २०७४ र २०७५/०७६ मा सर्वेक्षण गराएका तर भूकम्प प्रभावित आवास लगत संकलन कार्यक्रम (शुरुको सर्वेक्षण) मा अर्को स्थानमा घर भएको भनि उल्लेख गरेकाहरुको नामावली हरेक स्थानीय तहको वडामा **२०७७ असार १२** भित्रमा टाँस गरी सबैलाई अन्तिम पटक जानकारी दिने ।

१.२. यस सूचीमा नाम भएका गुनासोकर्ताहरुले सर्वेक्षणमा देखिएको घर त्रुटीवश उल्लेख भएको वा एकाघर परिवारको सदस्यको नाममा नभएको हो भने सम्बन्धीत स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतबाट उक्त विवरण त्रुटिपूर्ण रहेको अर्थात सर्वेक्षणमा उल्लेखित ठेगानामा निज र निजको एकाघर परिवारको नाममा घर नरहेको र जिल्ला,नगरपालिका, वडा नं मा भूकम्पबाट क्षतिग्रस्त भएको घर मात्र रहेको भन्ने आशयको सिफारिश गरी जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) मा **२०७७ असार २२** भित्रमा पेश गर्ने ।

१.३. स्थानीय तहबाट सिफारिश सहित प्राप्त पत्र जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा **२०७७ असार २५** सम्ममा पेश गर्ने ।

१.४. उपरोक्त समयभित्र सिफारिश पेश नगर्नेहरुलाई गैरलाभग्राही कायम गर्ने गरी कार्यकारी समितिमा प्रस्ताव पेश गर्ने ।

२. प्रवलीकरणबाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गर्ने सम्बन्धमा निम्नानुसार गरी परिवर्तनको प्रकियालाई निम्नानुसार टुङ्गो लगाउने ।

२.१. प्रवलीकरण लाभग्राहीमा सूचीकृत सम्पूर्ण लाभग्राहीहरुलाई **२०७७ असार मसान्त** सम्म अनुदान संझौता गराई पहिलो किस्ता दिने ।

२.२. प्रवलीकरणबाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गर्न चाहनेहरुले अनिवार्य अनुदान संझौता गरी पहिलो किस्ता भुक्तानी पश्चात मात्र परिवर्तनको प्रक्रियामा समावेश हुने व्यवस्था मिलाउने ।

२.३. प्रवलीकरणबाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तनका लागि निम्न शर्तहरु पुरा गरेका प्रवलीकरण लाभग्राहीहरुले **२०७७ साउन १५ गते** भित्रमा निवेदन दिन सक्ने छन्:

(क) स्थानीय प्राविधिक र जिल्ला स्थित डिएसई (DSE) को सिफारिश अनुसार प्रवलीकरण गर्न संभव नभएका भनि यकिन गरिएका घरका लाभग्राहीहरु

(ख) साविकको घर भत्काई नयाँ घर पुनर्निर्माण सम्पन्न गरिसकेका लाभग्राहीहरु

(ग) साविकको घर भत्काई नयाँ घर पुनर्निर्माण गर्दै गरेका लाभग्राहीहरु

२०७७/०३/०९

(घ)साविकको घर भत्काई नयाँ घर बनाउने प्रतिवद्धता जनाउने लाभग्राहीहरु (यस्ता लाभग्राहीहरुलाई घर भत्काई नयाँ बनाएपछि मात्र दोस्रो र तेस्रो किस्ता दिईने छ)

२.४. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट स्थानीय तहमा खटिएका प्राविधिक र जिल्ला स्थित डिएसई (DSE) को सिफारिश अनुसार प्रवलीकरण गर्न संभव नभएका भनि यकिन गरिएका घरका लाभग्राहीहरुको हकमा सिफारिश सहित सूची तयार गरी जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) ले केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) मा प्रवलीकरणबाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तनका लागि <u>२०७७ असार मसान्त</u> सम्म पेश गर्ने ।

२.५. प्रवलीकरणबाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तनका लागि ईच्छुक लाभग्राहीहरुले निम्न कागजातहरु सहित स्थानीय तहबाट सिफारिश गराई जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) मा <u>२०७७ साउन १५</u> गते भित्र पेश गर्नेः

(क) प्रवलीकरण लाभग्राहीमा अनुदान संझौता गरेको अनुदान संझौताको प्रतिलिपी

(ख) प्रवलीकरण लाभग्राहीले भूकम्पबाट क्षतीग्रस्त साविकको घर भत्काई नयाँ बनाईसकेको वा नयाँ बनाउँदै गरेको भए सो को पुष्टी हुने अनुसूची (१) अनुसारको भरिएको फाराम

(ग) प्रवलीकरण लाभग्राहीले साविकको घर भत्काई नयाँ घर बनाउने कबुलियतनामा जनाएको भए अनुसूची (२) अनुसारको कबुलियतनामा

२.६. बुदा नं २.५ अनुसार जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) मा पेश भएका निवेदनहरु उपर आवश्यक छानविन गरी जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) ले केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) मा <u>२०७७ साउन मसान्त</u> सम्ममा पेश गर्ने ।

२.७. केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) ले जिल्लाबाट प्राप्त निवेदन उपर आवश्यक परीक्षण गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पेश गर्ने ।

२.८. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा यसरी सिफारिश सहित पत्र प्राप्त भएको विवरण उपर केन्द्रीय गुनासो व्यवस्थापन समितिको सिफारिशमा कार्यकारी समितिले निर्णय लिने ।

२.९. उपरोक्त अनुसारको व्यवस्था लागू गर्ने कार्य लागि केन्द्रीय आयोजना कार्यान्वयन इकाई भवनले मिलाउने । सो को समन्वय नीति, अनुगमन, मूल्यांकन तथा समन्वय महाशाखाले गर्ने ।

३. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका विभिन्न निर्णयबाट गैरलाभग्राही कायम भएकाहरुको सूची सार्वजनिक गरी सबै गैरलाभग्राहीहरुलाई जानकारी गराउने। यस सम्बन्धमा निम्नानुसार गर्नेः

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ महाशाखा/ शाखा | समय अवधि |
|---|---|---|---|
| १ | हालसम्म कायम गैरलाभग्राहीको सूची सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) र स्थानीय तहलाई उपलव्ध गराउने तथा वेवसाईटमा प्रकाशन गर्ने | गुनासो व्यवस्थापन तथा सामाजिक विकास शाखा/सूचना व्यवस्थापन शाखा, रा.पु.प्रा. र CLPIU ( GMALI) | २०७७ असार १० |

२०७७।३।२

कार्यकारी अधिकृत

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं, २०७२

| | | | |
|---|---|---|---|
| २ | जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)ले प्रत्येक स्थानीय तहको वडामा गैरलाभग्राहीको सूची टाँस गरेको सुनिश्चित गरी मुचुल्का संकलन गर्ने र केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) मा प्राधिकरण पठाउने | DLPIU ( GMALI) | २०७७ असार १५ सम्म |
| ३ | गैरलाभग्राहीमा सूचीकृत इच्छुक गैरलाभग्राहीहरुलाई गैरलाभग्राही कायम भएको पत्र उपलव्ध गराउने | DLPIU ( GMALI) | २०७७ श्रावण १५ सम्म |
| ४ | गैरलाभग्राहीहरुले पुनरावेदन गर्न चाहेमा गैरलाभग्राहीमा परेको पत्र बुझेको मितिले ३५ दिन भित्रमा पुनरावेदन गर्न सकिने व्यवस्थाको वारेमा जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ले जानकारी दिने । | | |

२०७७।३।१२

प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं, २०७२

**अनुसूचि १**

मितिः..................................

श्रीमान् आयोजना प्रमुखज्यू,

केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन),

.......................................................................................

**विषयः प्रवलीकरणबाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गर्ने प्रतिवेदन पेश गरेको सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा..................................जिल्ला..............................न.पा./गा.पा.वडा नं...................टोल/गाउँ...........................वस्ने श्री................................को घर २०७२ साल बैशाख १२ गतेको भूकम्प तथा तत्पश्चातको पराकम्पनवाट क्षति भई सर्वेक्षण गरिएको र सो को आधारमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको निर्णयानुसार प्रवलिकरण लाभग्राही (सम्झौता क्रम संख्या........................../निस्सा नं........................)मा सूचिकृत भई लाभग्राहीले मिति.............../.........../..................मा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तोकेको ढाँचामा प्रवलीकरण लाभग्राहीवाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गर्ने कबुलियतनामा सहित निवेदन गरिसकेका छन्। निजले हाल आफ्नो क्षति भएको घर भत्काई नयाँ भूकम्प प्रतिरोधी घर निर्माण सुरु गरी डि.पि.सि तहसम्म निर्माण गरिसकेको/घर निर्माण सम्पन्न गरिसकेको व्यहोरा अनुरोध छ।

**रोहवरः**

वडा सचिव श्री............................

हस्ताक्षरः.....................................

.........................................................................

**ईन्जिनियर/सव-ईन्जिनियर/अ.सव-ईन्जिनियर**

.........................न.पा/गा.पा., वडा नं........

उपरोक्त व्यहोरा चेकजाँच गर्दा ठीक देखिएकाले सिफारिस गर्दछु।

नामः................................................................ हस्ताक्षरः.....................................................

पदः.................................................................. मितिः..........................................................

2080/3/12

प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं, २०७२

अनुसूचि २

मितिः.................................

श्रीमान् आयोजना प्रमुखज्यू,
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन),

मार्फतः जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन)

**विषयः प्रवलीकरण लाभग्राहीवाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गर्ने कबुलियतनामा सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा..................................जिल्ला...........................न.पा./गा.पा.वडा नं...................टोल/गाउँ..........................वस्ने म...............................को घर २०७२ साल बैशाख १२ गतेको भूकम्प तथा तत्पश्चातको पराकम्पनवाट क्षति भई सर्वेक्षण गरिएको र सो को आधारमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको निर्णयानुसार प्रवलिकरण लाभग्राही (सम्झौता क्र.न..................../निस्सा नं....................)मा सूचिकृत भएकोमा प्रवलीकरण लाभग्राहीवाट पुनर्निर्माण लाभग्राहीमा जान इच्छुक रहेकाले तपसिलका रोहवरमा आज मिति.............../.........../..................गतेका दिन निम्न वमोजिमका कबुलियतनामाका साथ प्रवलिकरणवाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गर्नको लागि निवेदन गर्दछु।

<u>प्रतिवद्धताः</u>

१. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तोकेको समयसिमा भित्र पुरानो घर भत्काई सकेपछि नयाँ भूकम्प प्रतिरोधि घर डि.पि.सि सम्म निर्माण पश्चात मात्र दोस्रो किस्ताको लागि निवेदन गर्नेछु वा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तोकेको समयसिमा भित्र भूकम्प प्रतिरोधी घर निर्माण सम्पन्न गरी पुरानो घर भत्काए पश्चातमात्र दोस्रो र अन्तिम किस्ताको लागि निवेदन गर्नेछु।

२. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तोकेको समयसिमा भित्र भूकम्प प्रतिरोधी घर निर्माण सम्पन्न नगरेमा पुरानो घर नभत्काएमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले नियमानुसार सम्पूर्ण रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ र सो कुरामा मेरो पूर्ण मंजुरी छ।

लाभग्राहीको नामः...............................................

अनुदान संम्झौता नः..........................................

हस्ताक्षरः..........................................................

| दायाँ | बायाँ |
|---|---|

**रोहवरः**

वडा सचिव श्री...............................................

हस्ताक्षरः....................................

**विवरण संकलन गर्ने प्राविधिकः**

नामः............................................................ हस्ताक्षरः.....................................................

पदः............................................................. मितिः..........................................................

२०७६।३।२

**कार्यकारी अधिकृत**

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन इकाई

**जिल्ला आयोजना कार्यान्वयन इकाई**

(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

गोरखा

प.स. २०७६/०७७
च.नं. ११७८

मिति : २०७७/३/९

श्री नगरपालिका/गाउँपालिका सवै,
गोरखा ।

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ज्वागल ललितपुरको पत्र सं. २०७६/०७७, चलानी नं. ९८५ को प्राप्त पत्रानुसार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको श्रीमान् कार्यकारी अधिकृतको अध्यक्षतामा बसेको बैठकले गरेका निर्णयहरु जानकारी तथा कार्यान्वयनका लागि प्राप्त हुन आएको हुँदा उक्त परिमार्जन भएको नयाँ तालिका बमोजिम जानकारी तथा कार्यान्वयनको लागि तहाँ पठाइएको व्यहोरा अनुरोध छ । निर्णयको प्रतिलिपी यसैसाथ संलग्न गरी पठाइएको छ । निर्णयको प्रतिलिपी यथाशीघ्र सवै वडाहरुमा उपलब्ध गराई कार्यान्वयन गराउन समेत अनुरोध छ ।

२०७७/०३/०९

आयोजना प्रमुख
**रामशरण आचार्य**
**आयोजना प्रमुख**